# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणनीति २०७८




**कर्णाली प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

वीरेन्द्रनगर,सुर्खेत, नेपाल

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

२०७८

कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# विषयसूची

**१. पृष्ठभूमि**........2

**२.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी भएका प्रयास र उपलब्धिहरू**........3

**३.वर्तमान स्थिति**........3

**४.समस्या तथा चुनौतीहरू**........4

**४.१ समस्याहरू**........4

**४.२ चुनौतीहरू**........5

**६. दिर्घकालिन सोच**........6

**७.लक्ष्य**........6

**८.उद्देश्य**........7

**९.रणनीति**........7

**१०. नीति तथा कार्यनीति**........8

**११.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निती कार्यान्वयन समिति**........15

**१२. समितिको कार्यक्षेत्र**........16

**१३. गाउँ/नगरपालिका स्तरीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति** गाउँ/नगरपालिका भित्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न गाउँ/नगरपालिकामा अध्यक्ष/नगर प्रमुखको संयोजकत्वमा एक गाउँ/नगर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति गठन गर्नसक्नेछ ।समितिको सदस्य संख्या, वैठकको कार्यविधि र कार्यक्षेत्र स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।........16

**१५.अपेक्षित उपलब्धि**........16

**१७.कानुनी व्यवस्थामा सुधार**........17

**१८.अनुगमन तथा मूल्याङ्कन**........17

**१९.वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्ने**........17

**२०.नीतिको पुनरावलोकन**........17

## १. पृष्ठभूमि

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) लाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा मानव अधिकार तथा सामाजिक विकासका दृष्टिले एक महत्त्वपूर्ण क्षेत्रको रूपमा लिने गरिएको छ।नेपालको संविधानले वर्गीय, क्षेत्रीय, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा

समातामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ। साथै समानताको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, शोषण विरुद्धको हक, बालबालिकाको हक, महिलाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक लगायत शिक्षा, स्वास्थ्य, पोषण जस्ता विषयहरूलाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ । त्यसैगरी दिगो विकासको लक्ष्यले लैङ्गिक समानता हासिल गर्ने र नीतिगत, कानुनी, संरचनात्मक लगायतका आयामहरूबाट सामाजिक, आर्थिक तथा राजनैतिक समावेशितालाई प्रवर्धन गर्दै सामाजिक संरक्षणका नीति अवलम्बन गर्ने लक्ष्य लिएको छ।

कर्णाली प्रदेश सरकारका नीति, कार्यक्रम तथा बजेट वक्तव्य र विभिन्न कानुनी दस्तावेज मार्फत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्धालाई सम्बोधन गर्ने प्रयास भइरहेको छ।कर्णाली प्रदेशको प्रथम पञ्च बर्षिय योजनामा समेत लैङ्गिक समतायुक्त कर्णाली तथा महिलालाई समन्यायीक ढंगले विकासका अवसरहरु प्रदान गर्ने लक्ष्य रहेको छ। प्रदेश सरकार र मातहतका निकायबाट यस सम्बन्धी विविध कार्यक्रमहरू सञ्चाचालन भईरहेका छन्, तथापि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा अपेक्षित नतिजा प्राप्त गर्न सकिएको छैन। तसर्थ उल्लिखित विषयमा अपेक्षित सुधार ल्याई वास्तविक समानता कायम गर्न हरेक तहले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषयमा स्पष्ट नीति बनाई कार्यान्वयन गर्न प्रादेशिक ऐन, नीति, रणनीति तथा कार्यविधि र विकास योजनाहरूमा मूलप्रवाहीकरण गरी विभेदजन्य कार्यहरूको अन्त्य गर्नु आजको आवश्यकता रहेको छ।

## २.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी भएका प्रयास र उपलब्धिहरू

नेपालको दशौँ पञ्चवर्षीय योजना (२०५९–२०६४) मा लैङ्गिक समानता र सामाजिक समावेशीकरण अवधारणालाई अन्तर–सम्बन्धित विषय (Cross-cutting issues)का रूपमा स्थान दिइएको थियो। नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यको अग्रगामी पुनःसंरचना गरी देशमा विधमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक विभेदहरूलाई समाधान गर्ने सङ्कल्प गरेअनुरूप नेपालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मुख्य विषयको रूपमा अङ्गीकार गरिएको छ।वि.सं. २०६३/०६४ देखि लैङ्गिक उत्तरदायी बजेटको सुरुवात भई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा संरचना निर्माण र बजेट तथा योजना तर्जुमा गरी सोको  कार्यान्वयन हुँदै आएको छ । वि.सं. २०७२ मा संविधान जारी भएपछि लागु भएको सङ्घीय संरचना अनुसार कर्णाली प्रदेश सरकारले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवधारणालाई मूर्तरूप दिन महिला, बालबालिका र विपन्न वर्ग लक्षित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । बैङ्क खाता छोरीको सुरक्षा जीवन भरिको, छोरी बुहारी, दलित छात्रवृति, लैङ्गिक हिंसा निवारणका लागि कोष स्थापना,  अल्पकालिन आश्रय सहितको सेवा केन्द्र सञ्चालन, दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन, अभियान मूलक कार्यक्रम, सहयोगापेक्षी सडक मानवमुक्त, सडक बालबालिका, अभिभावकविहिन बालबालिका तथा बालश्रममा रहेका बालबालिका सम्बन्धी कार्यक्रम र राउटे समुदायको मूलप्रवाहीकरण गर्ने जस्ता कार्यक्रम सञ्चालन गरिएका छन् ।

## ३.वर्तमान स्थिति

आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक तथा प्रशासकीय दृष्टिले पछाडि परेका र पारिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस–आर्यलाई नेपालको संविधानले समानुपातिक तथा समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी

हुन पाउने हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । नेपालको संविधानमा आयोगहरूको व्यवस्था गरी समावेशीकरणलाई थप व्यवस्थित, सुनिश्चित तथा प्रभावकारी बनाउने कार्यको मार्ग प्रशस्त गरिएको छ।

नेपालको मानव विकास सूचाङ्क ०.४११,लैङ्गिक विकास सूचक ०.८८६, लैङ्गिक असमानता सूचकाङ्क०.४७९ बहुआयामिक गरिबी सूचाकाङ्क ०.२३० र महिला पुरुषको श्रमशक्ति सहभागिता दर ३५.८ प्रतिशत रहेको छ।नेपालको कुल जनसङ्ख्याको करिब १.९४ प्रतिशत जनसङ्ख्यामा कुनै एक वा बढी प्रकारको अपाङ्गता देखिएको छ।पन्ध्रौंयोजनाअनुसार मुलुकमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १८.७ र बहुआयमिक गरिबी २८.६ प्रतिशत तथा कर्णाली प्रदेशमा ५१.२ प्रतिशत बहुआयमिक गरिबी रहेकोमा विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड- १९) को महामारीका कारण यो प्रतिशत अझ बढ्न सक्ने अनुमान गरिएको छ।यस प्रदेशमा राउटेजस्ता लोपोन्मुख जाति तथा उच्च दरमा दलित समुदायको सङ्ख्या रहेको हुँदा विभिन्न भौगोलिक क्षेत्र, लिङ्ग, वर्ग र सामाजिक समूहहरूबिचको आर्थिक असमानता र गरिबीको सघनता बढी देखिन्छ।

उल्लिखित विविधताबिचमा पनि भौगोलिक, लैङ्गिक, जातीय र आयवर्गबिच गरिबीको असमानता र अन्तर अझै भयावह रहेको विभिन्न तथ्याङ्कहरूबाट देखिन्छ।यसर्थ लैङ्गिक समानता तथा समावेशी विकासको मान्यतालाई आत्मसात् गर्न यस्ता वर्ग र समुदायको सामाजिक, आर्थिक तथा मानवीय पक्षको विकासमा विशेष ध्यान दिई यस्ता असमानताहरूलाई सम्बोधन गर्न प्रदेशका सबै तह र अङ्गहरूलाई अझ बढी प्रभावकारी रूपमा परिचालन गर्न आवश्यक देखिएको छ।

## ४.समस्या तथा चुनौतीहरू

कर्णाली प्रदेशको सन्दर्भमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका समस्या तथा चुनौतीहरू मूलतः देहायअनुसार रहेका छन्ः

### ४.१ समस्याहरू

(क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी प्रादेशिक नीति नहुनु,
(ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि आवश्यक खण्डीकृत तथ्याङ्क उपलब्ध नहुनु,
(ग) महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, सीमान्तकृत तथा लोपोन्मुख जातजातिलाई सबै क्षेत्रगत निकायहरूमा मूलप्रवाहीकरण गर्न नसक्नु,
(घ) महिला, बालबालिका,अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक विरुद्ध हुने विभेद, सामाजिक कुरीति र हिंसा नियन्त्रण नहुनु,
(ङ) बालविवाह, बालश्रम, छाउपडी, घरेलु हिंसा तथा आर्थिक अभावका कारण बालिकाहरूले विद्यालय छाड्ने प्रवृत्ति बढी हुनु,
(च) विभिन्न प्रकारले हिंसामा परेका व्यक्तिहरूको सामाजिक सुरक्षाको प्रत्याभूति नहुनु,
(छ) महिला, बालबालिका,ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, मुस्लिम, लैङ्गिक तथा यौनिक, अल्पसङ्ख्यक, सीमान्तकृत र लोपोन्मुख वर्गको उत्थानको लागि न्यून बजेट विनियोजन हुनु,
(ज) सामाजिक मूल्य मान्यता, सामाजिक सम्बन्ध तथा सोचको कारणबाट लैङ्गिक भूमिकामा परिवर्तन आउन नसक्नु,
(झ) संयुक्त परिवार प्रणालीमा क्रमशःविचलन आई सहर केन्द्रित एवम् एकल परिवार जीवनयापन पद्धतिले स्थान लिँदा ज्येष्ठ नागरिक तथा बालबालिकाहरूको विचलन हुनु,

(ञ) परम्परागत सामाजिक प्रचलन र गरिबीका कारण सिर्जित बालविवाह तथा बालश्रमको निवारण गर्न नसक्नु,

(ट) महिलाको आर्थिक सशक्तीकरणमा कमी तथा महिलाको घरेलु कामकाजलाई आर्थिक पक्षसँग जोड्न नसक्नु,

(ठ) लक्षित वर्गलाई दिइएको आरक्षणको दुरूपयोग हुनु,

(ड) कलिलो उमेरमा पैसा कमाउन छिमेकी देशमा जाने अभ्यास प्रचलनमा रहनु,

(ढ) प्रदेशका ठूलो जनसङ्ख्या ओगटेका महिला, बालबालिका, दलित, मुस्लिम, विपन्न, आदिवासी जनजाति, लोपोन्मुख, सीमान्तकृत वर्ग समुदायको उत्थानका लागि श्रोत र संरचना पर्याप्त नहुनु,

(ण) महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न, आदिवासी जनजाति, लोपोन्मुख, सीमान्तकृत वर्ग तथा ज्येष्ठ नागरिक समुदायमैत्री कानुन कार्यान्वयनको अवस्था कमजोर रहनु,

(त) उल्लिखित वर्ग समुदायको लागि क्रियाशील सरकारी निकायहरू, सङ्घ संस्थाका काम, कर्तव्य बिच समन्वय र सहकार्यको अवस्था कमजोर रहनु,

(थ) शासकीय प्रणालीमा सबै वर्ग, क्षेत्र, लिङ्ग तथा जातजातिका नागरिकहरूको राजनैतिक, आर्थिक तथा नीति निर्माण तहमा अर्थपूर्ण सहभागिता सुनिश्चित हुन नसक्नु,

(द) अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणालीमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचक साथै विकासका कार्यको अनुगमन प्रभावकारी हुन नसक्नु आदि ।

## ४.२ चुनौतीहरू

**(क)** सरोकारवाला बिच लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा, दृष्टिकोण र बुझाइमा एकरूपता ल्याउनु ,

**(ख)** सामाजिक संरचना र सोचमा परिवर्तन गर्नुको साथै समाजको हानिकारक कुरीति र कुप्रथाको अन्त्य गर्नु,

**(ग)** समाजमा विद्यमान धार्मिक मान्यताका रूपमा रहेको सामाजिक विभेदजन्य व्यवहारको अन्त्य गर्नुको साथै लैङ्गिक हिंसा अन्त्य गरी न्यायमा पहुच बढाउनु,

**(घ)** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सिद्धान्तलाई प्रदेश सरकार, स्थानीय तह, गैरसरकारी संस्था, निजी क्षेत्र, सहकारी र सामुदायिक क्षेत्रका सबै अवयवहरूमा मूलप्रवाहीकरण तथा आन्तरिकीकरण गर्दै संस्थागत गर्नु,

**(ङ)** महिलाको प्राकृतिक, व्यावसायिक तथा सामाजिक भूमिकालाई सन्तुलन गर्नु,

**(च)** सरोकारवालाहरू बीच संस्थागत समन्वय विकास गर्नु,

**(छ)** प्रदेश सरकार र स्थानीय तहहरूको स्रोत साधन, अवसर र लाभको वञ्चितीकरणमा परेका सबै वर्ग,क्षेत्र, लिङ्ग तथा जातजातिको समन्यायिक पहुँच सुनिश्चितता गर्नु,

**(ज)** वञ्चितीमा परेका वर्ग, क्षेत्र, लिङ्ग तथा जातजातिमा रहेको गरिबी घटाउनु,

**(झ)** विभिन्न समुदाय तथा वर्ग बिच रहेको आर्थिक, सामाजिक तथा शैक्षिक विभेदको अन्तर कम गर्नु,

**(ञ)** प्रदेश सरकारका सबै कार्यालय र स्थानीय तहहरूको संरचनामा महिला तथा लक्षित समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चितता गर्नु,

**(ट)** लैङ्गिक उत्तरदायी बजेटलाई पूर्णरूपले कार्यान्वयनमा ल्याउनु,

**(ठ)** लैङ्गिक तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित सबै किसिमका विभेद हटाई समतामूलक समाज विकासको लागि सामाजिक रूपान्तरण गर्नु।

प्रदेशभित्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा देखिएका समस्या तथा चुनौतीको सही सम्बोधन गरी भेदभाव रहित समानतामा आधारित समाजको निर्माण गर्नका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको आवश्यकता रहेको छ।

(क) संवैधानिक एवम् कानुनी प्रावधान कार्यान्वयन गर्न,
(ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा रहेको नीतिगत दुरीलाई कम गर्न,
(ग) प्रदेशका नीति, कानुन, संरचना, कार्यक्रम, योजना र आयोजनाको सबै चरणमा लैङ्गिक समानता तथा समावेशीकरणलाई मूलप्रवाहीकरण र आन्तरिकीकरण गर्न,
(घ) कर्णाली प्रदेश र स्थानीय तहहरूले तर्जुमा गर्ने नीति, योजना तथा कार्यक्रमलाई मार्गदर्शन गर्न,
(ङ) सङ्घ, प्रदेश र स्थानीय तहहरूमा लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी नीतिगत एकरूपता र समाञ्जस्यता कायम गर्न,
(च) नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरेका लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी प्रतिबद्धता पूरा गर्न,
(छ) लोकतन्त्रका लाभहरूलाई प्रदेशका सबै नागरिकहरू बिच न्यायोचित वितरणको व्यवस्था मिलाई समानता तथा सामाजिक न्याय स्थापना गर्न,
(ज) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा देखिएका समस्या तथा चुनौतीहरूको सामना गरी समतामूलक समाजको निर्माण गर्न,
(झ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सिद्धान्त अनुरूप शासन व्यवस्था सञ्चालन गर्ने परिपाटीको विकास गर्न,
(ञ) कर्णाली प्रदेशमा विद्यमान रहेको बालविवाह, छाउपडी, बोक्सी, लैङ्गिक तथा यौनजन्य लगायत सबै प्रकारका हिंसा तथा भेदभावको अन्त्य गरी सामाजिक न्यायको सुनिश्चितता गर्न,
(ट) लैङ्गिक उत्तरदायी बजेट प्रणाली (Gender Responsive Budget-GRB) को कार्यान्वयनमा प्रभावकारिता ल्याई महिला तथा अन्य पछाडि परेका जात जाति तथा वर्ग समुदायको आर्थिक सशक्तीकरण गर्न,
(ठ) समाजमा रहेका सबै जात, जाति, वर्ग, लिङ्ग तथा समुदाय बिच हुने भेदभावको अन्त्य गरी सबैलाई सम्मान गर्ने बानीको विकास गर्न,
(ड) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण विधि (Gender equality & social inclusion audit) को कार्यान्वयन गर्न,
(ढ) सामाजिक संस्कारका रूपमा रहेको विभेदलाई बढावा दिने मूल्य मान्यताको अन्त्य गरी सामाजिक न्याय प्रदान गर्न।

## ६. दिर्घकालिन सोच

लिङ्ग, उमेर, वर्ग, क्षेत्र, जातजाति र आर्थिक, सामाजिक, बौद्धिक एवम् शारीरिक क्षमताका आधारमा हुने भेदभावको अन्त्य गरी मर्यादित, न्यायपूर्ण, सुरक्षित,सभ्य र समतामूलक समाजको विकास गर्ने।

## ७. लक्ष्य

महिला तथा वञ्चितीकरणमा परेका वर्गको राज्यका निकायमा मुलप्रवाहीकरण, आन्तरिकीकरण, सशक्तीकरण र संस्थागत सुदृढीकरण गर्दै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्ने ।

## ८.उद्देश्य

१. महिला तथा वञ्चितीकरणमा परेको वर्गको आर्थिक, सामाजिक र शैक्षिक विकासका लागि नीतिगत एवम् संरचनात्मक सुधार गर्ने,

२. महिला, बालबालिका तथा वञ्चितिकरणमा परेका वर्गको सशक्तीकरण गर्दै प्रदेशका सबै तह, क्षेत्र र संरचना एवम् कार्यक्रम र लाभमा उनीहरूको पहुँच सुनिश्चित गर्ने,

३. प्रदेशका सबै तह, क्षेत्र, संरचना र कार्यक्रममा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयहरूको मूलप्रवाहीकरण गर्दै लैङ्गिक मैत्री तथा समावेशी शासन प्रणाली अवलम्बन गर्ने,

४. लैङ्गिक, उमेर, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, जातीय आधारमा हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, भेदभाव, परम्परागत हानिकारक सामाजिक अभ्यास र बहिष्करणको अन्त्य गरी मानव अधिकारको प्रत्याभूति गराउने,

५. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, मुस्लिम, युवा तथा बालबालिकाहरूको अनुभव, सिप, क्षमता र सिर्जनशीलताको उपयोग गर्दे प्रदेश तथा स्थानीय तहको विकासमा उनीहरूको भूमिका अभिवृद्धि गरी लाभमा सुनिश्चितता गर्ने।

## ९.रणनीति

*उद्देश्य १.महिला तथा वञ्चितीकरणमा परेको वर्ग (बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न, आदिवासी जनजाति, लोपोन्मुख, मुस्लिम, सीमान्कृत वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठनागरिक) हरूको आर्थिक, सामाजिक र शैक्षिक विकासका लागि नीतिगत एवम् संरचनात्मक सुधार गर्ने*

**रणनीति १:** विद्यमान कानुनहरूमा सुधार गर्ने र प्रदेश तहबाट तर्जुमा हुने नयाँ कानुन र शासकीय संरचनालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउने।

**रणनीति २:** लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी अवधारणालाई प्रदेश सरकार, गैरसरकारी, निजी, सहकारी, वित्तीय संस्था लगायतका सबै कार्यालय र प्रदेशका सबै स्थानीय तहमा संस्थागत रूपमा आन्तरिकीकरण गर्ने ।

**रणनीति ३:** नीतिगत,कानुनी र संरचनात्मक व्यवस्था मार्फत महिला तथा बालबालिका शिक्षालाई अभियानको रूपमा सञ्चालन गर्ने।

*उद्देश्य २.महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न, आदिवासी जनजाति, मुस्लिम, लोपोन्मुख, सीमान्कृत वर्ग, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, ज्येष्ठनागरिकहरूको सशक्तीकरण गर्दै प्रदेशका सबै तह, क्षेत्र र संरचना तथा कार्यक्रममा उनीहरूको समान पहुँच, नियन्त्रण एवम् लाभमा सुनिश्चित गर्ने*

रणनीति ४: महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न, मुस्लिम, आदिवासी जनजाति, लोपोन्मुख, सीमान्कृत वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठनागरिकहरूको लैङ्गिक तथा सामाजिक समावेशी मैत्री विकास र यसका प्रक्रियाका बारेमा अभिमुखीकरण गर्ने।

रणनीति ५: महिला तथा वञ्चितीकरणमा परेको वर्गको सार्वजनिक वस्तु तथा सेवाको सहज उपयोग एवं वित्तीय पहुँच अभिवृद्धि गर्ने।

रणनीति ६: महिलाले गर्ने घरायसी कार्यलाई प्रादेशिक अर्थतन्त्रमा गणना गर्दै महिला तथा वञ्चितीकरणमा परेको वर्गको आर्थिक सशक्तीकरण गर्ने।

रणनीति ७: सामाजिक, आर्थिक, राजनैतिक सशक्तीकरण सम्बन्धी क्षमता विकासका कार्यक्रमलाई पिछडिएका समुदाय, सघन रूपमा बसोबास गर्ने वडा तथा बस्तीमा विस्तार गर्ने।

रणनीति ८: प्रदेश सरकार तथा मातहतका निकाय, जनप्रतिनिधि, स्थानीय तहका पदाधिकारी र कर्मचारीहरूको सोच र व्यवहारलाई लैङ्गिक मैत्री बनाउन क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिने ।

*उद्देश्य ३: प्रदेशका सबै तह, क्षेत्र संरचना र कार्यक्रममा लैङ्गिक तथा सामाजिक समावेशीका विषयहरूको मूलप्रवाहीकरण गर्नुको साथै कानुनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासको माध्यमबाट लैङ्गिकमैत्री तथा समावेशी शासन प्रणाली अवलम्बन गर्ने।*

रणनीति ९: प्रदेश तथा अन्र्तगतका कार्यालय र स्थानीय तहहरूमा कानुनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट लैङ्गिक तथा समावेशी उत्तरदायी शासन प्रणालीको विकास गर्ने।
रणनीति १०: प्रदेशका सबै तह, क्षेत्र संरचना र कार्यक्रममा लैङ्गिक तथा सामाजिक समावेशीका विषयहरूको मूलप्रवाहीकरण गर्ने।

*उद्देश्य ४. लैङ्गिक, उमेर, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, जातीय आधारमा हुने सबै खाले हिंसा, दुर्व्यवहार, भेदभाव, परम्परागत हानिकारक सामाजिक अभ्यास र बहिष्करणको अन्त्य गरी मानव अधिकारको प्रत्याभूति गराउने।*

रणनीति ११: प्रबर्द्धनात्मक, निरोधात्मक तथा उपचारात्मक उपायद्वारा सामाजिक मूल्य मान्यतामा सकारात्मक परिवर्तन गर्दै सबै खाले हिंसा एवं विभेद अन्त्य गर्ने ।
रणनीति १२: समाजमा रहेका सबै वर्ग तथा समुदायलाई निरन्तर अभिमुखीकरणको माध्यमबाट लैङ्गिक हिंसा, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा जातीय विभेदजन्य गतिविधिको अन्त्य गर्ने।

*उद्देश्य ५: ज्येष्ठ नागरिक, अपाङ्ग, युवा तथा बालबालिका र विभिन्न जातजातिहरूको अनुभव, सिप, क्षमता र* सिर्जनशीलताको *उपयोग गरी प्रदेश तथा स्थानीय तहको विकासमा उनीहरूको भूमिका अभिवृद्धि गरी लाभमा सुनिश्चितता प्रदान गर्ने।*

रणनीति १३: ज्येष्ठ नागरिकको अनुभव, भोगाइ तथा ज्ञानको सदुपयोग गरी उनीहरूलाई सम्मान तथा संरक्षण गर्ने।
रणनीति १४: अपाङ्गता भएका व्यक्तिमाथि हुने भेदभावको अन्त्य गरी अपाङ्गमैत्री व्यवहारको अवलम्बन गर्ने।
रणनीति १५: प्रतिभा पलायन रोकी युवाहरूको सीप एवं क्षमताको उच्चतम प्रयोग गर्न स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्ने

रणनीति १६: बालबालिकाको बाल अधिकारको सुनिश्चितता कायम गरी बालमैत्री शासन व्यवस्था प्रवर्धन गर्ने।

## १०. नीति तथा कार्यनीति

***रणनीति१:*** *विद्यमान कानुनहरूमा सुधार गर्ने र प्रदेश तहबाट तर्जुमा हुने नयाँ कानुन र शासकीय संरचनालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउने।*

**नीति तथा कार्यनीति**

१. विद्यमान ऐन कानुनको परिमार्जन तथा नयाँ कानुन निर्माण गर्दा लैङ्गिक तथा समावेशी मैत्री बनाइनेछ।
२. लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी आवश्यक कार्यविधि तर्जुमा तथा परिमार्जन गरिनेछ।
३. प्रदेश स्तरका सबै तह र क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्धन सम्बन्धी अल्पकालीन, दीर्घकालीन योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ।

४. सबै क्षेत्रको नेतृत्व तहमा महिला तथा वञ्चितीकरणमा परेको वर्गहरूको प्रतिनिधित्व अभिवृद्धि गर्न समानुपातिक सहभागिताका लागि नीतिगत र कानुनी व्यवस्था गरिनेछ।

५. लैङ्गिक समानता र महिला विकासको अभियानमा पुरुष सहभागितामा अभिवृद्धि गर्दै लगिनेछ ।

*रणनीति २: लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी अवधारणालाई प्रदेश सरकार, गैरसरकारी, निजी, सहकारी, वित्तीय संस्था लगायतका सबै कार्यालय र प्रदेशका सबै स्थानीय तहमा संस्थागत रूपमा आन्तरिकीकरण गर्ने ।*

**नीति तथा कार्यनीति**

६. सार्वजनिक निजी गैरसरकारी लगायत सबै कार्यालयमा लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम मार्फत बुझाइमा एकरुपता कायम गर्ने ।

७. प्रदेश सरकारका मन्त्रालय, कार्यालय तथा कार्यालय र गाउँ/नगर कार्यपालिकामा लैङ्गिक समानता तथा समावेशीकरण शाखा स्थापना गरी आवश्यक बजेट व्यवस्था गरिनेछ।

८. प्रदेश तथा स्थानीय स्तरमा सञ्जाल निर्माण गरी नियमित रूपमा समन्वयात्मक बैठक सञ्चालन गरिनेछ।

९. प्रदेश सरकारका सबै तहमा विद्यमान संस्थागत संरचनाको क्षमता अभिवृद्धि गर्दै लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी विषयलाई समाहित गर्न उपयुक्त संरचनाको व्यवस्था गरिनेछ।

१०. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि सरकार, विकास साझेदार, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।

११. प्रदेश तथा स्थानीय तहमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा कर्मचारीको पदपूर्ति गर्दै लगिनेछ।

१२. सार्वजनिक तथा निजी भौतिक संरचनाको लैङ्गिक, अपाङ्गता एवम् बालमैत्री मापदण्ड निर्धारण गरी लागु गरिनेछ।

१३. हरेक कार्यालय तथा निकायमा अनिवार्य स्तनपान कक्ष र कार्यालयहरूको पायक पर्ने गरी शिशु स्याहार केन्द्रको व्यवस्था गरिनेछ।

१४. महिला, बालबालिका, अपाङ्गता भएका ब्यक्ति, मुस्लिम, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक मैत्री शौचालयको व्यवस्था गरिनेछ।

१५. गर्भवती, सुत्केरी तथा बच्चालाई स्तनपान गराइरहेका महिला कर्मचारीहरूका लागि सम्भव भएसम्म कार्यालय समयमा लचकता (**Flexi time**) अपनाइनेछ।

१६. एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (**One Stop Crisis Management Center/OCMC)** सञ्चालन गरिनेछ।

१७. स्थानीय तह र प्रदेश सरकारका पदाधिकारी, कर्मचारी तथा सेवाग्राहीहरूको लागि लैङ्गिक मैत्री आचार संहिता बनाई लागु गरिनेछ।

*रणनीति ३: नीतिगत, कानुनी र संरचनात्मक व्यवस्थामार्फत महिला तथा बालिका शिक्षालाई अभियानको रूपमा सञ्चालन गर्ने।*

**नीति तथा कार्यनीति**

१८. लैङ्गिक समानता तथा समावेशीकरणको विषयलाई विद्यालयस्तरको पाठ्यक्रममानै समावेश गरी पठनपाठन गर्ने व्यवस्था मिलाइनेछ।

१९. छोरीहरूको शिक्षामा पहुँच अभिवृद्धि गर्नका लागि बालिका शिक्षा कार्यक्रम लागू गरिनेछ।

२०. शिक्षाका लागि छोरीलाई विद्यालय पठाउन अभिभावकलाई उत्प्रेरित गर्ने खालका प्याकेजका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२१. निम्न आयस्तर भएका अभिभावकलाई विशेषखालका आय आर्जन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

२२. छोरी शिक्षाका लागि रेडियो, टेलिभिजन र होडिङबोर्ड मार्फत प्रचारप्रसार गरिनेछ।

*<u>रणनीति ४: महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, मुस्लिम,दलित, विपन्न, आदिवासी जनजाति, लोपोन्मुख, सीमान्तकृत वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठनागरिकहरूको लैङ्गिक तथा सामाजिक समावेशीमैत्री विकास र यसका प्रक्रियाका बारेमा अभिमुखीकरण गर्ने।</u>*

**नीति तथा कार्यनीति**

२३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयमा कार्य गर्ने निकायहरूको संस्थागत तथा संरचनागत सुदृढीकरण गरी क्षमता अभिवृद्धि गरिने छ।

२४. प्रदेश अन्तर्गतका कार्यालय र स्थानीय तहका महिला तथा वञ्चितीकरणमा परेका वर्गहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी निरन्तर अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी जनचेतना अभिवृद्धि गर्दै लगिनेछ।

२५. महिला तथा वञ्चितीकरणमा परेको वर्गहरूको सामाजिक, आर्थिक, राजनीतिक सशक्तीकरण गर्ने तथा रूपान्तरणीय नेतृत्व विकास सम्बन्धी सिप तथा ज्ञानको वृद्धि गरिने छ।

२६. औपचारिक तथा अनौपचारिक शिक्षामार्फत महिला तथा वञ्चितीकरणमा परेका वर्गहरूको ज्ञान तथा क्षमता अभिवृद्धि गरिने छ।

२७. महिला तथा वञ्चितीकरणमा परेका वर्गहरूको राजनैतिक, आर्थिक तथा प्रविधिगत शसक्तीकरण लागि प्रविधिमैत्री सचेतना तथा सिप विकास कार्यक्रम सञ्चालन गरिने छ ।

२८. नीति कार्यान्वयन गर्न सङ्घ, प्रदेश तथा स्थानीय तहहरूसँग समन्वय, सहजीकरण र सहकार्य गरिने छ।

*<u>रणनीति ५: महिला तथा वञ्चितीकरणमा परेको समूहको सार्वजनिक वस्तु, सेवा, वित्तिय स्रोतमा पहुँच, नियन्त्रण एवम्लाभमा अभिवृद्धि गर्ने ।</u>*

**नीति तथा कार्यनीति**

२९. नीति निर्माण तथा निर्णय तहमा महिला तथा सीमान्तकृत नागरिकहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ।

३०. वञ्चितीकरणमा परेका विभिन्न वर्ग, क्षेत्र, लिङ्ग र समुदायको आधारभूत खण्डीकृत सूचना अद्यावधिक गरी नीति तथा कार्यक्रममा समावेश गरिने छ 1

३१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रक्रियालाई कम्प्युटर प्रणालीमा आवद्ध हुने गरी सूचना व्यवस्थापन प्रणालीका रूपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण व्यवस्थापन प्रणाली (GESI MIS) विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

३२. प्रदेशका मन्त्रालय तथा मातहतका कार्यालय एवम् स्थानीय तहको संयन्त्रमा समानुपातिक समावेशी सिद्धान्त बमोजिम वञ्चितिमा परेका वर्गको प्रतिनिधित्व सुनिश्चित गरिने छ ।

३३. स्थानीय तहको योजना तर्जुमा,स्रोत परिचालन र व्यवस्थापनमा लैङ्गिक उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई आन्तरिकीकरण गरिने छ।

३४. महिला तथा वञ्चितीकरणमा परेका वर्गको साझा समस्या पहिचान गरी उक्त समस्यालाई प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरी बजेट सुनिश्चित गर्नपहल गरिने छ।

*रणनीति ६: महिलाले गर्ने घरायसी कार्यलाई अर्थतन्त्रमा गणना गर्दै महिला तथा वञ्चितीकरणमा परेको वर्गको आर्थिक सशक्तीकरण गर्ने.*

**नीति तथा कार्यनीति**

३५. महिला तथा वञ्चितीकरणमा परेको वर्गको आय आर्जनमा सहयोग पुग्ने गरी अल्पकालीन,मध्यकालीन तथा दीर्घकालीन व्यावसायिक तालिम प्रदान गरिने छ।महिला तथा विपन्न वर्गलाई बैङ्क तथा सहकारी मार्फत विना धितो ऋण उपलब्ध गराउने व्यवस्था गरिने छ।

३६. महिला तथा वन्चितिमा परेका समुदायले उत्पादन गरेका वस्तुहरूको बजारीकरणको व्यवस्थापन गरिने छ।

३७. महिलाले गरेको घरेलु कार्यको आर्थिक मूल्याङ्कन गर्ने परिपाटीको विकास गरिने छ।

३८. महिलाको सम्पत्ति माथि पहुँच बढाउने, निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता वृद्धि गर्ने र महिलाको नाममा सम्पति राख्ने प्रक्रियालाई थप सरलीकृत गरिने छ।

३९. महिला, विपन्न तथा सीमान्तीकृत वर्गको लागि विशेष संरक्षणात्मक तथा जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गरिने छ।

४०. महिला तथा वञ्चितीकरणमा परेको वर्गको लागि व्यापार व्यवसाय, घरेलु तथा लघु उद्यमशीलता विकास गर्न आवश्यक जानकारी तथा सूचना प्रदान, अनुदान, छुट, सुविधा प्राप्त गर्न समन्वय र सहजीकरण गरिने छ।

४१. प्रदेश तथा स्थानीय तहमा महिला उद्यमशीलता प्रशिक्षण केन्द्र स्थापना गरी एकीकृत कार्यक्रम सञ्चालन गरिने छ।

४२. महिला तथा वञ्चितीकरणमा परेका वर्गको आर्थिक क्रियाकलापमा व्यावसायिक र सामाजिक जोखिम न्यूनीकरण गर्न सहज व्यवस्था मिलाइनेछ।

४३. कूल ग्राहस्थ उत्पादनको गणना गर्दा गैरबजार उत्पादनको क्षेत्रमा रहेको घरायसी कार्यलाई मौद्रिक मूल्यमा रुपान्तरण गरी गणना गर्ने पद्धति र प्रक्रियाको थालनी गरिने छ।

*रणनीति ७: सामाजिक, आर्थिक, राजनैतिक सशक्तीकरण सम्बन्धी क्षमता विकासका कार्यक्रमलाई पिछडिएका समुदाय, सघन रूपमा बसोबास गर्ने वडा तथा बस्तीमा विस्तार गर्ने।*

**नीति तथा कार्यनीति**

४४. वास्तविक आवश्यकताको पहिचान गरी सघन रूपमा बसोबास गर्ने बस्तीलाई नै प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिने छ।

४५. परम्परागत सीप तथा कलालाई आधुनिकीकरण गर्दै व्यवसायिक रूपमा सञ्चालन गर्न सहयोग गरिने छ।

४६. क्षमता विकासका कार्यक्रमहरूलाई पिछडिएको समुदायमानै सञ्चालन गरी आय आर्जनको कार्यलाई बढावा दिइनेछ।

४७. पिछडिएका समुदाय भित्र हुने छुवाछुत तथा भेदभावको अन्त्य गर्न जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिने छ।

४८. राज्यबाट प्राप्त हुने सेवा सुविधाका बारेमा लक्षित वर्गका नागरिकलाई विभिन्न सञ्चार माध्यम, टोल विकास समिति र समूहको माध्यमबाट सुसूचित गराइने छ।

४९. महिला, बालबालिका, दलित र वञ्चितीकरणमा परेका नागरिकहरूको अधिकारका बारेमा सचेत गराउन कानुनी साक्षरता कार्यक्रम सञ्चालन गरिने छ।

५०. सामाजिक परिचालनको माध्यमबाट लक्षित समूहको क्षमता अभिवृद्धि गरी आर्थिक तथा सामाजिक सशक्तीकरण गरिने छ।

५१. आदिवासी, जनजाति, दलित, पिछडा वर्ग, अल्पसङ्ख्यक लगायतको मातृभाषा तथा संस्कृतिको संरक्षण एवम् प्रवर्धन गरिने छ।

५२.	सामाजिक तथा पारिवारिक वहिष्करणमा परेका व्यक्तिको पहिचान, संरक्षण, पुनस्थापना र सशक्तीकरण गरिने छ।

५३.	वैदेशिक रोजगारीमा जाने महिलाहरूका लागि व्यावसायिक तथा सिपमूलक तालिम र सचेतना मूलक कार्यक्रम सञ्चालन गरिने छ।

५४.	दलित, पछाडिपरेका वर्ग, लोपोन्मुख तथा सीमान्तकृत वर्ग तथा समुदायलाई सशक्तीकरण गराउन अनौपचारिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गरिने छ ।

*रणनीति ८: प्रदेश अन्तर्गतका कार्यालय तथा स्थानीय तहका पदाधिकारी र कर्मचारीहरूको क्षमता अभिवृद्धि कार्यलाई निरन्तरता दिने ।*

**नीति तथा कार्यनीति**

५५.	प्रदेश सरकारका मन्त्रालय अन्तर्गतका कार्यालय र स्थानीय तहमा कार्यरत महिला तथा लक्षित समूहका कर्मचारीहरूलाई सहभागी गराई विभिन्न खालका तालिम, गोष्ठी, सिकाइ भ्रमण, अध्ययन अनुसन्धान मार्फत कार्यकुशलतामा अभिवृद्धि गरिने छ।

५६.	प्रदेश तथा स्थानीय तहका पदाधिकारी र कर्मचारीलाई लक्षित गरी क्षमता विकास योजना निर्माण गरी विभिन्न तालिम कार्यक्रमहरू सञ्चालन गरिने छ।

५७.	प्रदेश तथा स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी आचार संहिता तयार गरी जनप्रतिनिधि र कर्मचारीलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गरिने छ।

५८.	प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको करार सम्झौतामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचक समावेश गरी उक्त सूचक पूरा गर्ने कर्मचारीलाई पुरस्कार तथा सम्मानको व्यवस्था गरिने छ।

*रणनीति ९: प्रदेश मन्त्रालय तथा मातहतका कार्यालय र स्थानीय तहमा कानुनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।*

५९.	प्रदेश तथा स्थानीय तहलाई बार्षिक र आवधिक योजना तथा कार्यक्रममा लैङ्गिक समानता र सामाजिक समावेशीकरण उत्तरदायी प्रणाली अपनाउन प्रेरित गरिने छ।

६०.	प्रदेश तथा स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेटलाई स्थानीयकरण गरी लक्षित समुदायको वित्तीय श्रोतमा पहुँच तथा लाभको सुनिश्चितता गरिने छ।

६१.	प्रदेश तथा स्थानीय तहमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षणलाई संस्थागत गराइने छ।

६२.	लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा कार्यान्वयन गर्न आवश्यक तथ्याङ्क र सूचनालाई व्यवस्थित र आवधिक गर्ने प्रणाली स्थापित गरिने छ।

६३.	लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रदेश तथा स्थानीय तहले संस्थागत गरी योजना तर्जुमा तथा बजेट निर्माण प्रक्रिया अवलम्बन गरिने छ।

६४.	लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गमैत्री र वातावरणमैत्री शासन पद्धति अवलम्बन गरिने छ।

६५.	प्रदेश तथा स्थानीय तहमा कानुन निर्माण तथा कार्यान्वयनमा संलग्न कर्मचारी एवम् पदाधिकारीलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, लैङ्गिक संवेदनशीलता, लैङ्गिक उत्तरदायी बजेट तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट परीक्षण प्रक्रियाबारे अभिमुखीकरण गरिने छ।

६६.	प्रदेश मन्त्रालय तथा मातहका कार्यालय र स्थानीय तहका कार्यक्रमहरूमा लैङ्गिक उत्तरदायी बजेट विश्लेषण र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणलाई नियमित गरिने छ।

६७. सार्वजनिक तथा निजी क्षेत्रका सेवा प्रवाहलाई महिला, मुस्लिम, बालबालिका, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक मैत्री बनाउन प्रोत्साहन गरिने छ।

*रणनीति १०: प्रदेश तथा स्थानीय तहका सबै, क्षेत्र संरचना र कार्यक्रममा लैङ्गिक तथा सामाजिक समावेशीका विषयहरूको मूलप्रवाहीकरण गर्ने।*

६८. प्रदेश तथा स्थानीय तहमा कानुन निर्माण तथा कार्यान्वयमा संलग्न कर्मचारी एवम् पदाधिकारीलाई लैङ्गिक मूलप्रवाहीकरण प्रक्रियाबारे अभिमुखीकरण गरिने छ ।

६९. प्रदेश मन्त्रालय र मातहतका कार्यालय तथा स्थानीय तहका पदाधिकारी एवम् कर्मचारीहरूलाई लैङ्गिक तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई नीति, संरचना, कार्यक्रममा मूलप्रवाहीकरण गर्ने क्षमता विकास गरिने छ ।

*रणनीति ११: निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायद्वारा सामाजिक मूल्य मान्यतामा परिवर्तन गर्दै लिङ्ग, उमेर, वर्ग तथा जातीय आधारमा हुने सबै खाले हिंसा, भेदभाव, परम्परागत हानीकारक सामाजिक अभ्यास र बहिष्करणको अन्त्य गर्ने।*

**नीति तथा कार्यनीति**

७०. लैङ्गिक तथा भेदभावजन्य हिंसा न्युन गर्न शून्य सहनशीलता नीतिको अवलम्बनगरिने छ।

७१. हिंसा पीडित महिलाहरूको संरक्षण तथा पुनर्स्थापना गर्नका लागि सुरक्षित आवास गृहसञ्चालनगरिने छ।

७२. महिला, बालबालिका तथा जातिगत रूपमा हुने हिंसा तथा भेदभावलाई निरोधात्मक, उपचारात्मक तथा नियमनकारी व्यवस्थाबाट सम्बोधन गरिने छ।

७३. लैङ्गिक तथा जातीय हिंसा अन्त्यको लागि कार्ययोजना बनाई कार्यान्वयन गरिने छ।

७४. सार्वजनिक स्थल तथा कार्यस्थलमा हुने हिंसा तथा यौनजन्य दुर्व्यवहार विरुद्ध विद्यमान कानुनी व्यवस्थाबारे प्रचार प्रसार गरिने छ।

७५. न्याय सम्पादनसँग सम्बन्धित स्थानीय न्यायिक समितिका पदाधिकारीहरूलाई लैङ्गिक तथा जातीय हिंसा तथा भेदभावका विषयमा क्षमता अभिवृद्धि तथा पुर्नताजगी तालिम सञ्चालन गरिने छ।

७६. संयुक्त राष्ट्र सङ्घको बडापत्र, बेइजिङ घोषणापत्र तथा मानव अधिकारको विश्वव्यापी सिद्धान्तलाई अवलम्बन गर्दै महिला तथा बालबालिका माथि हुने सबै प्रकारका हिंसा तथा विभेदको अन्त्य गर्दै विकासमा उनीहरूको अधिकारलाई सुनिश्चित गर्दै लगिनेछ।

७७. महिला र पुरुषबिच समान मानव अधिकार तथा मर्यादित जीवन यापनका लागि विश्वव्यापी मान्यतालाई आत्मसात गर्दै लगिनेछ।

७८. हिंसा पीडित तथा प्रभावित, मानव बेचबिखन तथा ओसारपसारमा परेका महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका लागि सुरक्षा, संरक्षण र पुनर्स्थापनाका लागि मापदण्ड तयार गरी अल्पकालीन सेवा केन्द्र र दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन गरिने छ।

७९. लैङ्गिक हिंसा तथा जातीय भेदभाव, बाल संरक्षण र त्यसको व्यवस्थापनका लागि सूचना प्राप्त गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी हेल्पलाइन स्थापना र विस्तार गरिने छ।

८०. लैङ्गिक हिंसा तथा जातीय भेदभाव समुदाय, नागरिक समाज, गैरसरकारी संस्था तथा निगरानी समूह समेतको सहयोगमा अनुगमन तथा निगरानीलाई प्रभावकारी बनाइनेछ।

८१. छाउपडी प्रथा, घरेलु हिंसा, बालविवाह, बहुविवाह, बहुपति प्रथा जस्ता लैङ्गिक हिंसाजन्य हानिकारक सामाजिक अभ्यास अन्त्य गर्न प्रवर्धनात्मक क्रियाकलाप सञ्चालन गरिने छ।

८२. साइबर अपराधलाई रोकथाम गर्नका लागि यस सम्बन्धमा महिला तथा बालबालिकालाई सुसूचित गरिने छ।

८३. औपचारिक, अनौपचारिक शिक्षामा मर्यादित महिनावारी सम्बन्धी विषयवस्तु समावेश गर्दै मर्यादीत महिनावारी प्रर्बद्धनका लागि विद्यालयस्तरको पाठ्यक्रममा समावेश गरिने छ।

८४. घरेलु तथा सामाजिक हिंसा नियन्त्रण गर्न असहाय तथा विपन्न महिला, दलित, अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क कानुनी परामर्श तथा सेवा उपलब्ध गराइने छ ।

८५. लैङ्गिक हिंसा निवारण कोषको स्थापना र सञ्चालन गरिने छ।

८६. बाल संरक्षण र बालविवाह न्यूनीकरणका लागि प्रदेश, जिल्ला तथा स्थानीय तहमा सञ्जाल निर्माण गरिने छ।

*रणनीति १२: समाजमा रहेका सबै वर्ग तथा समुदायलाई निरन्तर अभिमुखीकरणको माध्यमबाट लैङ्गिक हिंसा तथा जातीय विभेदजन्य गतिविधिको अन्त्य गरी मानव अधिकारको प्रत्याभूति गराउने ।*

**नीति तथा कार्यनीति**

८७. समाजमा महिला तथा पुरुषमाथि हुने सबै प्रकारका लैङ्गिक, यौनजन्य तथा जातीय हिंसा अन्त्यका लागि नागरिक समाज समेतको साझेदारी र सहकार्यमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।

८८. सबै जाति तथा वर्गले अवलम्बन गर्दै आएको परम्परागत कार्यलाई सम्मान गर्दै त्यस्ता कार्यहरूलाई आधुनिक प्रविधिमा आधारित बनाई प्रवर्धन गरिने छ।

८९. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी अनुकरणीय उपाय छनौट गरी असल अभ्यासलाई प्रचारप्रसार गरिने छ।

*रणनीति १३: ज्येष्ठ नागरिकको अनुभव, भोगाइ तथा ज्ञानको सदुपयोग गरी उनीहरूलाई सम्मान तथा संरक्षण गर्ने ।*

**नीति तथा कार्यनीति**

९०. ज्येष्ठ नागरिकको संरक्षण तथा सम्मान गर्ने र निजहरूमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरू प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गरिने छ।

९१. ज्येष्ठ नागरिकलाई सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा सहुलियत र सुविधा उपलब्ध गराइनेछ।

९२. विभिन्न कारणले आफ्नो घर परिवार, आफन्त, नातागोता आदिबाट बिछडिएका वा विस्थापित भएका ज्येष्ठ नागरिकलाई पुर्नस्थापित गर्ने व्यवस्था गरिने छ।

*रणनीति १४: अपाङ्गता भएका व्यक्तिमाथि हुने भेदभावको अन्त्य गरी अपाङ्गमैत्री शासन प्रणाली अवलम्बन गर्ने ।*

**नीति तथा कार्यनीति**

९३. अपाङ्गता भएका व्यक्तिहरूको उपचारका लागि आधारभूत स्वास्थ्य सेवा र औषधी नि:शूल्क उपलब्ध गराइनेछ।

९४. अशक्तताको कारणबाट पर्न सक्ने प्रतिकूलतालाई कम गर्न आवश्यक पर्ने सहायक सामाग्री उपलब्ध गराइनेछ।

९५. अपाङ्गता भएका व्यक्तिहरूलाई स्वाबलम्बनकारी उद्योग सञ्चालन वा स्वरोजगार हुन प्रोत्साहन गरिने छ।

९६. सार्वजनिक तथा सरकारी पूर्वाधारहरू अपाङ्गमैत्री बनाउने नीतिको प्रभावकारी कार्यान्वयन गरिने छ।

९७. प्रदेश तथा स्थानीय तहबाट प्रवाह गरिने सेवा, सुविधा र सूचनामा सबैको पहुँच सुनिश्चित गरिने छ।

*रणनीति १५: युवा जनशक्तिमा भएको सिप तथा क्षमताको भरपुर प्रयोग गरी देशभित्रै रोजगारीका अवसर सिर्जना गरी प्रतिभा पलायन हुन बाट रोक्ने।*

**नीति तथा कार्यनीति**

९८. युवाको दक्षता, उद्यमशीलता र अन्वेषणात्मक क्षमताको विकास गर्दै युवा वर्गलाई देशभित्रै कार्य गर्ने वातावरणको सिर्जना गरी उनीहरूलाई आर्थिक र सामाजिक विकासमा सहभागी गराइने छ।

९९. विकास निर्माण सम्बन्धी कार्यमा युवालाई संवाहकको रूपमा परिचालन गरिने छ।

१००. युवा स्वरोजगार कार्यक्रम आयोजनाहरूमा प्रदेश तथा स्थानीय सरकारको निश्चित प्रतिशत बजेट विनियोजन गरिने छ।

१०१. विपन्न वर्गका युवालाई व्यावसायिक पेसामा आवद्ध गराउन अल्पकालीन तथा दीर्घकालीन तालिम सञ्चालन गरिने छ।

१०२. युवाहरूका लागि व्यवसाय सञ्चालन गर्न प्रदेश सरकार तथा स्थानीय सरकारबाट अनुदान, सहुलियत ब्याज दरमा ऋण उपलब्ध गराउने नीति अवलम्बन गरिने छ।

१०३. युवा उद्यमीलाई प्रोत्साहन गर्न नीतिगत प्रावधान अपनाइने छ।

१०४. युवा जनशक्तिमा भएको सिप, दक्षता देखिने गरी सूचना व्यवस्थापन प्रणालीको विकास गरिने छ र जसलाई श्रम बैङ्कको रूपमा प्रयोग गर्दै लगिनेछ।

*रणनीति १६: बाल अधिकार सुनिश्चितता कायम गरी बालमैत्री शासन व्यवस्थालाई प्रवर्द्धन गर्ने ।*

**नीति तथा कार्यनीति**

१०५. बालबालिकाको परिपक्कता र क्षमताको आधारमा उनीहरूलाई योजना तर्जुमा र निर्णय प्रक्रियामा सहभागिता गरिने छ।

१०६. बालबालिकाहरू माथि हुने सबै प्रकारका हिंसा, शोषण र विभेदको अन्त्य गरिने छ।

१०७. प्रदेश भित्रका सबै स्थानीय तहहरूमा बालमैत्री स्थानीय शासन अवलम्बन गरिने छ।

१०८. बालमैत्री स्थानीय शासन घोषणा गर्ने स्थानीय तहलाई विशेष सम्मान र अनुदान उपलब्ध गराइने छ।

१०९. बालअधिकारको सुनिश्चितताका लागि बाल अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा भएका प्रावधान अनुसार प्रदेश र स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्ने नीतिगत व्यवस्था गरिने छ।

११०. बालबालिकाको संस्थागत र नेतृत्व विकासका लागि बाल क्लब र बाल सञ्जाल स्थापना गर्ने विद्यालय र समुदाय स्तरमा विभिन्न कार्यक्रम सञ्चालन गरिने छ।

# ११.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निती कार्यान्वयन समिति

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति प्रदेश व्यापी रूपमा कार्यान्वयन गर्न गराउनका लागि प्रदेश मुख्य मन्त्रीको संयोजकत्वमा देहाय अनुसारको एक प्रादेशिक लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निती कार्यान्वयन समिति गठन गरिने छ:

| | |
|---|---|
| मुख्यमन्त्री | संयोजक |
| मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| मन्त्री, सामाजिक विकास मन्त्रालय | सदस्य |
| मन्त्री, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | सदस्य |
| मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| मन्त्री, उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय | सदस्य |
| मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |
| सचिव, सामाजिक विकास मन्त्रालय | सदस्य– सचिव |

## १२. समितिको कार्यक्षेत्र

१२.१ लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति, नियमहरूको अद्यावधिक तथा मार्गदर्शन तर्जुमा र पुनरावलोकन गर्ने,
१२.२ नीति कार्यान्वयन गर्न आवश्यक समन्वय तथा सहजिकरण गर्ने,
१२.३ आन्तरिक र बाह्यरूपमा कार्यगत समन्वय कायम गर्ने,
१२.४ लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी बजेटको सुनिश्चितता गराउने,
१२.५ लैङ्गिक समानता र सामाजिक समावेशीकरण र लैङ्गिक उत्तरदायी बजेट परीक्षण गर्न परामर्श र निर्देशन दिने,
१२.६ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यको अनुगमन गर्ने,
स्थानीय तहको लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी प्रगति विवरणलाई राष्ट्रिय योजना आयोगको सुपरिवेक्षण तथा अनुगमन प्रणालीमा समाहित गर्न सहजीकरण गर्ने
१२.७ मानव बेचबिखन तथा लैङ्गिक तथा यौनजन्य हिंसाको अन्त्यका लागि अनुगमन तथा निरीक्षण गर्ने,
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिले आवश्यकता अनुसार जिल्ला स्तरमा पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अनुगमन तथा समन्वय समिति गठन गर्न सक्नेछ।

## १३. गाउँ/नगरपालिका स्तरीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति

गाउँ/नगरपालिका भित्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न गाउँ/नगरपालिकामा अध्यक्ष/नगर प्रमुखको संयोजकत्वमा एक गाउँ/नगर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति गठन गर्नसक्नेछ ।समितिको सदस्य संख्या, वैठकको कार्यविधि र कार्यक्षेत्र स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. आर्थिक पक्ष

यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको कार्यान्वनका लागी नेपाल सरकार प्रदेश सरकार र स्थानिय तहले स्रोत व्यवस्था गर्नेछन ।व्यक्ती समुदाय गैरसरकारी संस्था निजी क्षेत्र नागरीक समाजलाई स्वेच्छिक रुपमा स्रोत व्यवस्थापन र वित्तिय योगदान गर्न प्रोत्साहित गरिनेछ । आवधिक योजना र बार्षिक विकास कार्यक्रममा यो नीति कार्यान्वनका लागि आवश्यक पर्ने स्रोतको व्यवस्था गरिनेछ ।

## १५.अपेक्षित उपलब्धि

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको माध्यमबाट कर्णाली प्रदेशमा मर्यादित, सुरक्षित, सभ्य, समतामूलक र न्यायपूर्ण समाजको विकास भई आर्थिक, सामाजिक, सांस्कृतिक एवम् व्यवहारिक सुधारबाट लैङ्गिक समानता तथा सामाजिक समावेशी समाजको विकास भएको हुनेछ।

१६. नीति कार्यान्वयन

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयनको लागि सामाजिक विकास मन्त्रालयको मूल जिम्मेवारी रहनेछ।त्यसैगरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्य विषयगत मन्त्रालयहरूका बिचमा आपसी सहयोग र सहकार्यलाई प्राथमिकतामा राखी यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि

उपयुक्त वातावरण सिर्जना गरिने छ।लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी काम गर्ने गैरसरकारी संस्था, निजी क्षेत्र, नागरिक समाजहरूसँग सहकार्य गर्दै नीतिको कार्यान्वयनमा जोड दिइनेछ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिका बारेमा व्यापक जानकारी प्रवाह गर्ने तथा कार्यान्वयनका लागि प्रस्ताव गरिएका संस्थागत संरचना र जनशक्तिको क्षमता विकास गरिने छ।

## १७.कानुनी व्यवस्थामा सुधार

यस नीतिमा भएको व्यवस्थालाई कार्यान्वयन गर्नको लागि मौजुदा ऐन तथा नियमावलीमा भएको व्यवस्थालाई आवश्यकता अनुसार नीति अनुकूल हुने गरी परिमार्जन गरिने छ । नीतिको व्यवस्था कार्यान्वयन गर्नको लागि आवश्यक अन्य कानुनी आधार समेत तयार गरिने छ।

## १८.अनुगमन तथा मूल्याङ्कन

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमको कार्यान्वयन प्रभावकारी बनाउन नीति कार्यान्वयन समितिले प्रदेश मन्त्रालय तथा मातहतका कार्यालय र स्थानीय तहले गरेका कार्यक्रमको वर्षमा कम्तीमा एक पटक अनुगमन गर्नेछ।आवश्यकता अनुसार यस विषयमा काम गर्ने अन्य निकाय तथा सरोकारवालाहरूलाई समेत संलग्न गराउन सकिनेछ।

## १९.वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्ने

आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र सामाजिक विकास मन्त्रालयले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कर्णाली प्रदेशमा भए गरेका काम कारबाही र परीक्षण समेतको विवरण संलग्न गरी वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ।यसरी प्रतिवेदन सार्वजनिक गर्दा आगामी कार्ययोजना समेत उल्लेख गर्नुपर्नेछ।

## २०.नीतिको पुनरावलोकन

नीतिको प्रभावकारिता, उपयुक्तता र उपादेयताको विषयमा प्रत्येक पाँच वर्षमा मूल्याङ्कन गरी नीति कार्यान्वयनको सन्दर्भमा प्राप्त अनुभवको आधारमा नीतिमा समसामयिक पुनरवलोकन तथा सुधार गरिने छ।